# गाउँसभामा उपाध्यक्ष श्री लक्ष्मीदेवी राय ज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्य

बारागढी गाउँपालिका, खोपवा, बारा

बारागढी गाउँपालिका

खोपवा,बारा

प्रदेशनं.२, नेपाल

२०७६ साउन ३१

श्रीमान् सभाध्यक्ष महोदय,
प्रमुख अतिथिज्यु.
विशिष्ट अतिथिज्यु.
प्रमुखप्रशासकीय अधिकृतज्यू तथा अन्य कर्मचारी बर्ग ज्यु
वडाध्यक्ष लगायत गाउँकार्यपालिका तथा गाउँसभाका सदस्यज्यूहरु,
प्रधानाध्यापकज्यूहरु
विभिन्न नगरपालिका तथा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, तथा वडाध्यक्षज्यूहरु
राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु
पत्रकारमित्रहरु
सुरक्षा निकायका प्रमुखज्यूहरु
सम्पुर्ण अतिथीगण,
र उपस्थित महानुभावहरु ।

बारा जिल्लाको मध्यभागमा अवस्थित बारागढी गाउँपालिकाको भाग्य र भविष्यको फैसला गर्ने चरणका साक्षी हामी जनप्रतिनिधिसामु थुप्रै अवसर र साथसाथै चुनौतिहरु पनि विद्यमान छन्। स्थानीय सरकारको रुपमा रहेको स्थानीय तहको पुर्णका र्यान्वयनका लागि सारा राज्य लागिरहेको वर्तमान अवस्थामा यो एक नितान्त नयाँ प्रणाली र प्रकृया भएकाले केही अन्यौलता र द्विविधाका बाबजुद नेपालको संविधान, ऐन कानून, मन्त्रालयहरुबाट प्राप्त दिग्दर्शन आदिका आधारमा विभिन्न विषयगत सिलिङको आधारमा सहभागितामूलक तवरले आयोजना र कार्यक्रम छनौट गरी नीति कार्यक्रम र बजेट तर्जुमा गरेका छौं ।

यस आर्थिक बर्षमा आयतर्फ नेपाल सरकार अर्थ मन्त्रालयबाट प्राप्त वित्तीय समानीकरण अनुदान अन्तर्गत रु. १० करोड १३ लाख, सशर्त अनुदानमध्ये शिक्षा, कृषि, पशु र स्वास्थतर्फ गरी जम्मा रु. ९ करोड ३८ लाख, बहुक्षेत्रिय पोषण कार्यक्रमको रु १३ लाख ३४ हजार, सामाजिक सुरक्षा भत्ताको ३ करोड ८४ लाख, राजस्व बाडफाड प्राप्त ६ करोड ८२ लाख खानेपानी तथा सरसफाइ शर्शत रु १७ लाख सुरक्षीत अप्रावशन परीयोनजा मा रु १७ लाख रहेको छ भने त्यसै गरि प्रदेश सरकारबाट प्राप्त वितिय समानीकरण बजेट रु ७ करोड १५ लाख ८ हजार, शर्शत बजेट रु ५० लाख, बिशेष अनुदान रु २० लाख, समपुरक अनुदान रु ३० लाख तथा आन्तरीक राजस्व आय प्रक्षेपण श्रोत बाट अनुमानीत रु २५ लाख १ हजार पाँच सय, प्रद्रेशबाट सवारी साधन कर बापत रु ३२ लाख २ हजार अघिल्लो आ.ब. को बैक मौज्दात रु. ३ करोड गरी आ.ब. २०७६/०७७ को कुल बजेट ३५ करोड ९२ लाख ९५ हजार ५ सय रहेको छ ।

त्यसै गरी खर्चतर्फ चालु तथा प्रशासनीक खर्च तर्फ रु. ७ करोड ३९ लाख ३ हजार ५ सय, पुजिँगततर्फ कार्यालय सञ्चालन तथा बिकास समेतको गरी जम्मा रु १३ करोड ८४ लाख ५८ हजार र सशर्ततर्फ रु.९ करोड ८८ लाख गरी जम्मा खर्च समेतरु. २३ करोड ७२ लाख ५८ हजार रहेको छ ।

नेपाल सरकारद्वारा अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत विभिन्न विषयगत कार्यालय पशु. शिक्षा र स्वास्थतर्फ माथिबाट नै कार्यक्रम तय भइ आएको शसर्त अनुदान रु ९ करोड ३८ लाख जस्ताको तस्तै सम्बन्धित क्षेत्र मै खर्च गर्नुपर्ने भएकाले सोतर्फ कुनै आयोजना/ कार्यक्रम बनाइरहनु परेन । साथै नेपाल सरकारद्वारा प्राप्त भएको शशर्त अनुदानहरुमध्ये सामाजिक सुरक्षाभत्ता ३ करोड ८४ लाख, बहुक्षेत्रिय पोषण कार्यक्रमको रु १३ लाख ३४ हजार र बित्तिय समानिकरणको रु १० करोड १३ लाख हाम्रो बारागढी गाउँपालिकाको आफ्नो राजस्व आय रु. २५ लाख १ हजार ५ सय तथा गत बर्षको नगद मौज्दात गरी कुल हुन आउने रु १३ करोड ८४ लाख ५८ हजारको मात्र कार्यक्रम बनाउनु पर्नेभएकोमा सो रकमको मात्र कार्यक्रम बनाइएको छ ।

यस गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विभिन्न विषयगत क्षेत्र आर्थिक विकास, सामाजिक विकास, वातावरण तथा विपद व्यवस्थापन, संस्थागत विकास, सुशासन र सेवा प्रवाह समेतको लागि चालु तर्फ जम्मा रु. ६ करोड ४३ लाख रुपैयाँ छुट्ट्याइएको छ भने पुजिगततर्फ ( भौतिक पूर्वाधार बिकास, आयोजना, कार्यक्रम) को लागि रु. ७ करोड ४१ लाख ५८ हजार छुट्ट्याइएको छ । यसरी पुजिगततर्फ छुव्याइएको विषयगत सिलङ र वडागत सिलिङको आधारमा छ वटा वडा कार्यालयबाट बस्ती स्तर टोल स्तर हुँदै सहभागितामुलक तवरले तपशीलको बिषयगत क्षेत्रहरुमा योजना संकलन गरिएको छ ।

**विषय क्षेत्रगत कार्यक्र तथा बजेट गाउँपालिका स्तरीय**

**आर्थिक क्षेत्र**

- युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न कृषि र पशुपालन व्यवसायिकता उन्मुख विभिन्न कार्यक्रम सञ्चालन गरिने छ । यसको लागि कृषि क्षेत्रमा गाउँपालिका स्तरमा जम्मा रु. ३० लाख रकम विनियोजन गरिएकोछ ।
- उद्योग तथा वाणिज्य क्षेत्र अन्तर्गत गाउँपालिका भित्र संचालित व्यवसायलाई अनिवार्य दर्ताका लागि घुम्ती टोली संचालन गरिनेछ । लघु तथा घरेलु उधोग प्रवर्धन गर्न सचेतना सीप विकास जस्ता कार्यक्रम संचालन गरिनेछ । पिछडिएका ग्रामिण महिला लक्षित उधमशीलतामा जोड दिइने छ । नियमित बजार अनुगमनका कार्यक्रम संचालन गरिने छन् । यसका लागि जम्मारु. ५ लाख रुपैयाँ विनियोजन गरिएको छ ।
- पर्यटकिय प्रचुरता भएका प्रमुख स्थलहरुलाई पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न विज्ञ समूहद्वारा विस्तृत अध्ययन गराई कार्यक्रम सञ्चालन गरिनेछ । पर्यटन क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न रु. ५ लाख विनियोजन गरिएको छ ।
- सहकारी चेतनाको अभिवृद्धि गर्न र सहकारी संस्थाहरुको संचालनका लागि ज्ञान र सीप विकास गर्दै वचत गर्ने बानीको विकास गर्न जानकारीमुलक एवं सचेतनामुलक क्रियाकलाप संचालन गर्न सहकारी क्षेत्रमा रु.५ लाख बिनियोजन गरिएको छ ।

बारागढी गाउँपालिका, बारा

**सामाजिक विकास**

- सामाजिक विकास क्षेत्र अन्तर्गत शिक्षा क्षेत्रका विभिन्न फरक-फरक कार्यक्रमको लागि रु. १ करोड विनियोजन गरिएको छ ।
- महिला स्वयं सेविकाहरुको मनोबल उच्च राख्न प्रोत्साहन भत्ताको रुपमा जनही मासिकरु. १ हजार ५ सय भत्ताको व्यवस्था गरिएको छ । स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमको लागि रु. १० लाख विनियोजन गरिएको छ ।
- खानेपानी सम्बन्धी विभिन्न आयोजना र कार्यक्रमको लागि ६ लाख विनियोजन गरिएको छ ।
- संस्कृति प्रवर्द्धनको लागि रु. १० लाख विनियोजन गरिएको छ ।
- खेलकुद तथा मनोरञ्जन अन्तर्गत विभिन्न कार्यक्रमको लागि रु. ६ लाख विनियोजन गरिएको छ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अन्तर्गत विभिन्न कार्यक्रमको लागि २० लाख विनियोजन गरिएको छ ।

**पुर्वाधार विकास**

- पुर्वाधार विकास अन्तर्गत विभिन्न स्थानीय सडकहरु तथा पुल, कल्भर्ट तथा भबन निर्माणको लागि ३ करोड ६१ लाख विनियोजन गरिएको छ ।
- त्यसै गरी विद्युत क्षेत्रको लागि रु. ७ लाख रुपैयाँ विनियोजन गरिएको छ ।

**वातावरण तथा विपद व्यवस्थापन**

- दैवी प्रकोप व्यवस्थापन अर्न्तगत रु. १० लाख विनियोजन गरिएको छ ।
- वातावरण तथा सरसफाइ अर्न्तगत रु ३लाख विनियोजन गरिएको छ ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

- संस्थागत विकास, सेवा प्रवाह र सुशासनतर्फ कार्यालय व्यवस्थापन लगायतका सामान्य सेवातर्फ रु. १५ लाख रुपैयाँ विनियोजन गरिएको छ ।

**भैपरी आउने पुजिगत**

- विभिन्न आयोजना र कार्यक्रमहरुको लागत अनुमान, सम्भाव्यता अध्ययन, सर्वे आदि कार्यको लागि प्राविधिक सेवा र सल्लाहको लागि वर्तमान संक्रमकालीन अवस्थालाई मध्यनजर गरी आवश्यक परेमा सम्बन्धित शिर्षकबाट नै खर्च गर्ने गरी  रु. १५ लाख रुपैया भैपरी आउने पुजिगत शिर्षकमा विनियोजन गरिएको छ ।

**अन्य**

- फर्निचरमा रु.१० लाख
- मेसीनरी औजारमा रु. २ लाख

- सवारी साधनमा रु. ५५दलाख
- सुचना प्रविधीमा रु. १५ लाख विनियोजन गरिएको छ ।

**वडागत रुपमा बजेट विनियोजन :**

श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितीको निर्णय अनुसार वडा लागि जनसंख्या र भुगोललाई आधार मानेर कम्तिमा रु. ८० लाखको सिलिंग तोकी वडाबाटै नागरिकको आवश्यकता बमोजिम भौतिक पूर्वाधारका विभिन्न  क्षेत्रलाई समेट्ने गरि आयोजना छनोट गरी  संचालन गरिनेछ । यसको लागि छ वटा वडाको लागि कूल रु. ५ करोड १० लाख रकम विनियोजन गरिएको छ ।

**बिशेषव्यवस्थाहरू:**

- गाउँपालिका क्षेत्रको विकासका लागि अन्य स्थानीय तहसंग पनि समन्वय र सहकार्य गरी कार्यक्रम अगाडी बढाइने छ ।
- व्यक्तिगत घटना लगायतका तथ्यांक अद्यावधिक एवं व्यवस्थित गर्न सबै वडामा अनलाइन सेवा पुर्याइनेछ ।
- कार्यालयले प्रदान गर्ने सेवा चुस्त, दुरुस्त र सहज तुल्याइने छ । भ्रष्टाचारजन्य क्रियाकलापमा शुन्य सहनशीलताको नीति अवलम्वन गरिनेछ ।
- कार्यालयको सवारीसाधन किफायती र व्यवस्थित रुपले परिचालन गर्न कार्ययोजना बनाइ संचालन गरिनेछ ।
- आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गरी आन्तरिक लेखा प्रणालीलाई प्रभावकारी बनाइनेछ ।
- जनशक्ति विकास, संगठनात्मक संरचना, सुचनामैत्री कार्यसम्पादन र सेवा प्रवाह तथा समयानुकुल उपकरण बन्दोबस्तका सामग्री व्यवस्था गरिनेछ ।
- कार्यक्रमको बिस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि, लागत, उपलब्धिसूचक र आयोजना कार्यान्वयनको कार्ययोजना पौष मसान्तभित्र स्वीकृत गरिसक्नु पर्ने व्यवस्था मिलाइनेछ ।
- वडास्तरबाट छनोट भई आएका योजना संचालनका लागि उपभोक्ता समितिलाई प्राथमिकता दिइनेछ । त्यस्ता योजना तथा कार्यक्रम संचालन गर्न उपभोक्ता समिति गठन गरि बैशाख मसान्तभित्र सम्झौता गरिसक्नुपर्ने छ साथै उपभोक्ता समितिबाट संचालन हुने योजना/कार्यक्रममा सम्बन्धित लाभग्राहीको दिगो विकास र अपनत्वबोध होस् भनि ५% नगद सहभागिता र १०% जनश्रमदानको अनिवार्य व्यवस्था गरिएको छ ।
- निर्वाचित पदाधिकारीहरुको लागि पारिश्रमिक लगायतको सुविधाको लागि वजेट विनियोजिन गरिएको छ, सो सुबिधा प्रदेशसभाले नीति नियम बनाए बमोजिम हुनेछ ।
- नेपाल सरकारले  अगामी आ.ब. २०७६/७७  देखी राष्ट सेवक कर्मचारीहरु को तलबमा राजपत्र अनँकीत को लागी २० प्रतिशत तथा राजपत्राङ्कित श्रेणी सरहका कर्मचारिक लागी १८ प्रतिशत तलब बढाएकोमा सोही बमोजीम यस गाउँपालिकाबाट उपलब्ध गराइने छ साथै  कार्यालयको सेवा प्रवाह प्रभावकारी र सुलभ बनाउन कार्यालय समय अघि र पछी समेत खटिने कर्मचारीको मनोबल गिर्न नदिन बिगतमा व्यवस्था गरिएको उत्प्रेरणालाई निरन्तरता दिदै चालु आ.व. का लागि

बारागढी गाउँपालिका, बारा

गाउकार्यपालिका तथा वडा कार्यालयमा खटिने कर्मचारीलाई आधारभूत तलबको ५०% रकम प्रोत्साहन भत्ताको रुपमा व्यवस्था गरिएको छ ।

- नेपालको संबिधान २०७२ र स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तह मै न्यायिक समिती गठन गरि न्याय सम्पादन गर्ने अधिकार दिए बमोजिम समिति गठन गरी सकिएको र सो समितिलाई आवस्यक पर्ने कानूनी राय दिन कार्यालयमा कार्यरत कानूनी सल्लाहकारको सेवालाई निरन्तरता दिइनेछ ।

श्रीमान् सभाध्यक्षज्यू,

अब म विनियोजन र स्रोतको व्यवस्था सम्बन्धि योजना प्रस्तुत गर्दछु ।नेपालको संविधानको अनुसूची ८ मा व्यवस्था भए बमोजिमको अधिकारबाट प्राप्त रकम, वित्तिय समानीकरण अनुदान, बिषयगत शसर्त अनुदान, सामाजिक सुरक्षा भत्ता बापतको अनुदानबाट प्राप्त हुने रकमका कारण बिगतको बजेटको आकारमा केहि वृद्धिभएको छ ।

चालु आ.व.का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजस्वबाट रु २५ लाख १ हजार ५ सय, केन्द्रीय तथा प्रदेशीक अनुदानबाट रु ३५ करोड ६७ लाख ९४ हजार जुटाइनेछ ।

श्रीमान्  सभाध्यक्षज्यु,

अब म चालु आ.व.२०७६/७७ का लागि राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

- पछिल्ला वर्षहरुमा आन्तरिक स्रोत परिचालन उत्साहजनक नभएकोले विकास निर्माणका गति तथा लक्ष्य प्राप्तिका लागि आवस्यक स्रोत जुटाउन राजस्वको वर्तमान बृद्धिदर मात्रै पर्याप्त हुने अवस्था छैन । करकादर तथा दायरा एवं करका नयाँ क्षेत्र पहिचान आवस्यक देखिन्छ ।
- श्रावण १ देखि नै नयाँ राजस्वका दर कार्यान्वियनमा ल्याउने र सो दर नै चालु आ.व. २०७६/७७ का लागि कायम गरिएको छ ।
- राजस्वका दायरा विकास गर्न यसै आ.व. २०७६/७७ देखि एकीकृत सम्पति कर लागु गर्न आवस्यक पर्ने सम्पूर्ण तयारी पुरा गरिनेछ ।
- राजस्व परिचालन वृद्धिका लागि आवस्यक सचेतनामुलक तथा घुम्ती टोली कार्यक्रम संचालनमा ल्याइनेछ ।
- करदाता शिक्षा अभिवृद्धि गरिनेछ ।
- गाउँपालिकाभित्रका सम्पूर्ण व्यवसायलाई कानूनी रुपले दर्ता प्रक्रियामा ल्याइने छ ।
- साझा अधिकार क्षेत्रका सवालमा संघ र प्रदेशसंग आवस्यक समन्यव र सहकार्य गरिनेछ ।

बारागढी गाउँपालिका, बारा

श्रीमान् सभा अध्यक्षज्यु,

यस बजेटको कार्यान्वयनबाट गाउँ क्षेत्रभित्रका विकास गतिविधिले गति प्राप्त गरि आर्थिक उपकरणहरु चलायमा नहुनेछन । ग्रामिण सडकहरु मर्मत भई शहरी सडकसंग जोडीने छन् । मातृ-शिशु मृत्युदरमा कमि आउने छ । गाउ गाउमा सेवा प्रवाह भइ सेवाग्राही खोपवा आउनुपर्ने बाध्यताको अन्त्य हुनेछ ।

अन्त्यमा

यस बजेट तर्जुमामा प्रत्यक्ष अप्रत्यक्ष मार्गदर्शन तथा सहयोग गर्नुहुने गाउपालिका अध्यक्षज्यु, प्रमुख प्रशासकीय अधिकृतज्यु, कार्यपालिका सदस्यज्युहरु, बिषयगत समितिका सदस्यज्युहरु, राष्ट्रसेवक कर्मचारीहरु, वुद्धिजीवी, सरकारी तथा गैरसरकारी संघसंस्थाहरु, पत्रकार लगायत अन्यमा हार्दिक आभार प्रकट गर्दछु । विभिन्न बिषयगत समिती तथा कार्यपालिकामा छलफलबाट प्राप्त सुझावका आधारमा बजेट तर्जुमा गरिएकोछ । गाउँको चौतर्फी विकास र सम्वृद्धीमा निरन्तर सदभाव र सहयोग पुर्याउने आम गाउँवासी, करदाता, विकास साझेदार र सरकारी तथा गैर सरकारी संस्थाहरुप्रति हार्दिक आभार प्रकट गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको सहयोगको अपेक्षा गरेको छु ।

**धन्यवाद ।**

**लक्ष्मी देवी राय**
उपाध्यक्ष
बारागढीगाउँपालिका, खोपवा, बारा।

बारागढी गाँउपालिका, खोपवा, बारा